

# १२ युशूफ, मिश्रदेशको प्रधानमन्त्री

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ४१:३७-४६; १ राजा ३:१२; उत्पत्ति ४२; रोमी ५:७-११; उत्पत्ति ४३; उत्पत्ति ४४ र उत्पत्ति ४५।

***यस अध्यायको मूल सार पदः*** **"अनि फारोले योसेफलाई भने, "हेर, मैले तिमीलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिएको छु" (उत्पत्ति ४१:४१)।**

यूसुफ अब मिश्र देशको अगुवा वा हर्ताकर्ता हुन्छ। उनका दाजुहरूले उनको अगाडि घुँडा टेक्छन्। तिनीहरूलाई थाहा हुँदैन कि कसको अगाडि घुँडा टेकिरहेको छ (उत्पत्ति ४२)। जब उनले बेन्जामिनलाई ल्याउन हुकुम दिन्छन् तब दाजुहरू अत्यन्तै नम्र भएर त्यस्तो हुकुम नदिन बिन्ति गर्छन् (उत्पत्ति ४३)। जब बेन्जामिनको सुरक्षाको निम्ति तिनीहरू डराउँछन् (उत्पत्ति ४४) तब यस शक्तिशाली व्यक्तिसँग दयाको भिष माग्छन्। उनको अनुग्रहको निम्ति याचना गर्छन्। तिनीहरूले उनलाई फारो जस्तै देखेका हुन्छन् र फारोलाई जस्तै आदर गर्दछन्। अन्तमा आएर, जब यूसुफले आफ्नो परिचय तिनीहरूको सामु प्रकट गर्छन्, तब तिनीहरूले चकित भएर एउटा कुरो बुझ्न वाध्य हुन्छन्। तिनीहरूले यूसुफमाथि जुन दुर्व्यवहार गरेतापनि आखिरमा परमेश्वरले त्यसलाई असल बनाउनुभयो। तिनीहरूको दुष्टतालाई परमेश्वरले तिनीहरूकै भलाइको निम्ति प्रयोग गर्नुभयो।

यो घटलाग्दो कुरो छ कि पछि के के भयो सो यूसुफको सफलता भन्दा पनि उनका दाजुहरूको पश्चातापको उल्लेखनीय भूमिका महत्त्वपूर्ण मान्नुपर्दछ। तिनीहरू मिश्र देशबाट कनानमा घरिघरि यात्रा गर्नुपरेको थियो (गुगलको अनुसार मिश्रबाट कनानको दुरी ८४८२ किलोमिटर वा ५२७०.८ माइल )। त्यो दुरी हिँडेर यात्रा गर्न ४० दिन लाग्छ। मिश्रबाट इस्राएलीहरू ४० दिन यात्रा गर्दा कनान देशको सिमानामा पुगेका थिए, तर तिनीहरूको

अविश्वासले गर्दा ४० वर्ष मरुभूमिमै रहनुपऱ्यो)। जब यूसुफका दाजुहरू बाबुलाई समेत ल्याउने गरि त्यतिका दिन लगाएर यात्रा गर्नुपर्दा तिनीहरूले बाटोमा धेरै कठिनाइहरूको सामना गर्नुपरेको थियो। त्यसबेला तिनीहरूले आफ्नो बुबा र भाइप्रति गरेको दुष्ट कामलाई सम्झिन वाध्य भएका थिए। खास गरेर तिनीहरूको दुष्टयाइँ परमेश्वरतर्फ गरेको हो भन्ने कुरो तिनीहरूले महसुस गर्न पाएका थिए। यूसुफका दाजुहरूको सम्पूर्ण बाँकि जीवन कालले तिनीहरूमाथि परमेश्वरको न्याय भएको देखाउँदछ। तर जब यस कथाको अन्त्य हुन्छ, तब हामी सबै भावुक हुन्छौं। हामीमा आनन्द र खुशियालीका आँशुहरू बहन्छन्। जुनसुकै निन्दनीय र अन्याय काम ती दाजुहरूले गरेतापनि यूसुफबाट तिनीहरूले पाएको क्षमाको सन्देशले हामी पापीप्रति परमेश्वरले देखाउनुहुने सदाशयता र क्षमालाई प्रष्ट पार्दछ।

## १. यूसुफ मिश्र देशको शक्तिशाली भएर उदय हुन्छन्

फारोको सपनाले परमेश्वरले मिश्र देशलाई के गर्नहुनेछ सो प्रकट गरिएको सन्देश यूसुफमा थियो (उत्पत्ति ४१:२८)। यो अचम्म छ कि परमेश्वरमाथि विश्वास वा आस्था राख्न यूसुफले फारोलाई आह्वान गर्दैनन्। बरु, मिश्र देशमा आउने सहकाल र अनिकालमा के गर्नुपर्छ भनेर झट्टै सल्लाह दिन्छन्। यूसुफले राजालाई आर्थिक सुधारको योजना बताउँछन्। यो पनि अचम्मको छ कि राजाको दिमागमा यूसुफले दिएको आर्थिक सल्लाहमात्र घुसेको पाइन्छ। उनको चासो सपनाको आत्मिक अर्थ र परमेश्वरको भूमिकालाई त्यस्तो वास्ता गरेको देखिन्दैन। उनले आफ्नो देशको अर्थतन्त्र सुध्रिएको चाहेका थिए।

**यूसुफको सफलताको निम्ति परमेश्वरको भूमिका कस्तो थियो? हेर्नुहोस्, यूसुफले भने, "३३ यसकारण अब फारोले एउटा चतुर र बुद्धिमान् मानिस छानेर सारा मिश्रदेशमा अधिकार चलाउन नियुक्त गर्नुहोस्। ३४ फारोबाट सहकालका सात वर्षसम्म मिश्रदेशका उब्जनीको पाँचौं हिस्सा उठाउनलाई देशमा कामदारीहरू नियुक्त होऊन्। ३५ तिनीहरूले आउने सहकालका वर्षहरूका सबै अनाजहरू जम्मा गरून्, अनि सहर-सहरमा खानका निम्ति फारोको अख्तियारमा अनाजहरू थुपारून् र ती सञ्चय गरून्। ३६ अनिकालले देश विनाश हुन नपाओस् भनी मिश्रदेशमा परिआउने ती सात वर्षको अनिकालको निम्ति देशको लागि ती अनाजहरू सुरक्षित राखिऊन्।" ३७ यो सुझाव फारो र उनका सारा अधिकारीहरूलाई मन पऱ्यो। ३८ अनि फारोले**

उनीहरूलाई भने, "यिनीजस्तो परमेश्वरका आत्मा भएको अन्य कुन मानिस हामी
पाउन सक्छौं?" ३९ तब फारोले योसेफलाई भने, "परमेश्वरले तिमीलाई सबै
कुरा देखाइदिनुभएको छ, र तिमीजस्तो चतुर र बुद्धिमान् मानिस अरू छैन। ४०
यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौ, र तिम्रै आज्ञाअनुसार
मेरो समस्त प्रजा चल्नेछ। केवल सिंहासनको सम्बन्धमा मात्र म तिमीभन्दा
माथि हुनेछु।" ४१ अनि फारोले योसेफलाई भने, "हेर, मैले तिमीलाई सम्पूर्ण
मिश्रदेशमाथि अधिकार दिएको छु।" ४२ तब फारोले आफ्नो छाप-औंठी आफ्नो
औंलाबाट फुकालेर योसेफको औंलामा लगाइदिए, र तिनलाई मलमलको लुगा
पहिराइदिए, र तिनको गलामा सुनको सिक्री लगाइदिए। ४३ तिनलाई फारोले
आफ्नो दोस्रो प्रशासकझैं रथमा सवारी गराए। मानिसहरू तिनको अगिअगि
"घुँड़ा टेकेर झुक" भनी कराउँदै हिँड़े। यसरी फारोले तिनलाई सम्पूर्ण
मिश्रदेशमाथि अधिकार दिए। ४४ फारोले फेरि पनि योसेफलाई भने, "म फारो
हुँ, तर म यो भन्दछु कि तिम्रो इच्छाबाहेक अरू कुनै मानिसले मिश्रदेशभरि केही
गर्न पाउनेछैन।" ४५ फारोले योसेफको नाउँ सापनत-पानेह राखे, र उनले
तिनलाई ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतसँग विवाह गरिदिए।
त्यसपछि योसेफ मिश्रभरि दौड़ाहा गर्न लागे। ४६ मिश्रका राजा फारोको
राजसेवामा नियुक्त हुँदा योसेफ तीस वर्ष पुगेका थिए। अनि योसेफ फारोको
सम्मुखबाट निस्केर सारा मिश्रदेशभरि दौड़ाहा गर्न लागे। ४७ सहकालका सात
वर्षसम्म जमिनले प्रशस्त उब्जनी दियो। ४८ तिनले सहकालका सात वर्षसम्म
मिश्रका सबै अन्न जम्मा गरे, र सहर-सहरमा अनाजहरू थन्क्याए। तिनले हरेक
सहरमा वरिपरिका खेतहरूका अनाज थन्क्याएर राखे। ४९ योसेफले समुद्रका
बालुवासरी प्रशस्त मात्रामा अनाजहरू सञ्चय गरे, यहाँसम्म कि ती अघोर प्रशस्त
भएको कारणले तिनले हिसाब राख्न पनि छोड़िदिए। ५० अनिकालका वर्ष
आउन अघि ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतबाट योसेफका दुई
छोराहरू जन्मिसकेका थिए। ५१ जेठाको नाउँ योसेफले मनश्शे राखे, र तिनले
भने, "परमेश्वरले मेरा सबै कष्ट र मेरा बाबुका घरको सम्झना मलाई
बिर्साउनुभएको छ।" ५२ अर्काको नाउँ तिनले एफ्राइम राखे, र तिनले भने,
"परमेश्वरले मेरो कष्टको देशमा मलाई फलिफाप गराउनुभएको छ।" ५३
मिश्रको सात वर्षको ठूलो सहकालको अन्त भयो। ५४ तब योसेफले भनेझैं
अनिकालका सात वर्ष आउन लाग्यो। सबै देश-देशमा अनिकाल पऱ्यो, तर सारा
मिश्रमा चाहिँ अन्न थियो। ५५ जब सारा मिश्र अनिकालले पीडित भयो, तब

**प्रजाहरूले फारोसँग अनाजको निम्ति बिन्ती चढ़ाए। फारोले सबै मिश्रीहरूलाई भने, "योसेफकहाँ जाओ। तिनले तिमीहरूलाई जे गर्नु भन्छन् त्यही गर।" ५६ जब सारा देशभरि अनिकाल पऱ्यो, तब योसेफले सबै धनसारहरू खोलेर सबै मिश्रीहरूलाई अनाज बेच्न सुरु गरे, किनकि मिश्रभरि घोर अनिकाल परेको थियो। ५७ यसैले सबै देशका मानिसहरू मिश्रमा योसेफकहाँ अनाज किन्न आए। किनभने पृथ्वीभरि नै भयङ्कर अनिकाल परेको थियो" (उत्पत्ति ४१:३३-५७)।**

फारोले यूसुफलाई नै देशको उनीपछिको उच्च स्थान दिएर देशलाई चलाउने अधिकार दिएका थिए। सपनाको अर्थ खुलस्त पारेकोलेमात्र होइन तर समस्याको समाधान पनि उनले बताएका थिए। राजाको सामु त्यो असल र ठिकै लागेको थियो (उत्पत्ति ४१:३७)। फारोका अरू अधिकारी वर्गहरूले पनि उनीसँग सहमत भएका थिए किनकि त्यहाँ एक जना बिदेशी त्यो पनि झ्यालखानामा परेको दासलाई अचानक देशको प्रधानमन्त्री नियुक्त गर्ने राजाको अध्यादेशलाई कसैले पनि बिरोध जनाएको थिएन। फारोको निम्ति धर्मभन्दा ब्यवहार महत्त्व भएको थियो। यद्यपि, यूसुफमा परमेश्वरको आत्मा रहेको फारोले महसुस गरेका थिए (उत्पत्ति ४१:३८)। यूसुफमा चतुर वा के असल र खराब छ सो छुटयाउन सक्ने खुबी र बुद्धि भएको (उत्पत्ति ४१:३९) गुणहरू भएको राजाले महसुस गरेका थिए। मानिसलाई चाहिने ज्ञानबुद्धि परमेश्वरले नै दिनुहुन्छ भन्ने कुरो राजाको वक्तव्यले देखाउँदछ (उत्पत्ति ४१:३३, १ राजा ३:१२)।

राज दरवारमा के भयो सो बाइबलमा लेखिएको विवरणले त्यसबेलाको मिश्रदेशको इतिहास अनुसार ठिकै थियो। राजनैतिकरूपमा हेर्ने हो भने यूसुफलाई राजकीय सल्लाहकार नियुक्त गर्नु कुनै नयाँ कुरो थिएन किनकि पौराणिक मिश्रदेशको इतिहासमा विदेशी सल्लाहकार नियुक्त भएको मामिला उल्लेख गरिएको छ।

अब, यूसुफको प्रथम् सात वर्षको शासनकालमा भएको सहकाल अत्यन्तै उल्लेखनीय थियो। त्यसबेला देशमा अन्नको यस्तो उत्पादन भयो कि त्यसको लेखाजोखा नै राख्न सकेको थिए (उत्पत्ति ४१:४९)। यसमा परमेश्वरको हात भएको सङ्केट गर्दछ। अन्न यति थुप्रिएको थियो कि ती समुद्रको बालुवा जस्तै भयो रे (उत्पत्ति ४१:४९)। यसले परमेश्वरको आशिषलाई औँल्याउँछ (उत्पत्ति २२:१७)।

परमेश्वरको आशिष आफ्नै जीवन फलदायी भएको कुरो यूसुफले व्यक्तिगतरूपमै अनुभव गरेका थिए। उनको जीवनमा परमेश्वरको उपस्थित भएको दुई संयोगले प्रमाणित गरेको थियो। उनका दुई छोराहरू हुन्छन्। त्यसले उनलाई जे जे भयो सो परमेश्वरको अगुवाइमा भएको उनले महसुस गरेका थिए। उनको दुःखद सम्झनालाई आनन्दमा परिणत भएकोले आफ्नो पहिलो छोरोको नाउँ मनस्से राखेका थिए। त्यसको अर्थ पीडाको यादलाई बिर्सिदिने हो। अर्को छोरोको नाउँ एफ्रेम राखेका थिए। त्यसको अर्थ पहिलाको दुःखकष्टलाई फलदायी बन्न पुगेको भनेर देखाएको थियो। खराब कुरालाई असलमा परमेश्वरले परिणत गर्न सक्नु यो भन्दा शक्तिशाली र प्रभावकारी ज्वलन्त उदाहरण अरू के होला?

**हामीमा परमेश्वरको वास्तविक उपस्थिति छ भनेर हाम्रो जीवनले वा जीवनशैलीले अरूहरूलाई कसरी देखाउन सक्छौं?**

## २. यूसुफले आफ्ना दाजुहरूको सामना गर्छन्

**यूसुफका दाजुहरूले उनलाई मार्न खोजेका थिए र अन्तमा उनलाई बेचेका थिए। उनलाई बेहालमा तिनीहरूले पारेका थिए। मानिसहरूले परमेश्वरको जनलाई गरिने अपराध, पाप, खराब, घातक र दुर्गतिलाई उहाँले कसरी सकारात्मक वा असल हुन परिवर्तन गर्नुहुँदो रहेछ भनेर यूसुफको कथाले हामीलाई प्रकट गर्दछ। हेर्नुहोस्, उत्पत्ति ४२ जहाँ यूसुफको वियोगलाई परमेश्वरले आफ्नो संयोगमा परिवर्तन गर्नुभयो? "१ मिश्रमा अनाज छ भनी थाहा पाएपछि याकूबले आफ्ना छोराहरूलाई भने, "तिमीहरू किन एक-अर्काको मुख हेराहेर गर्दै बस्छौ? २ मिश्रमा अनाज छ रे भन्ने मैले सुनेको छु। हामीहरू जीवितै रहने हो भने त्यहाँ गएर हाम्रा निम्ति अनाज किनेर ल्याओ।" ३ यसकारण योसेफका दश जना दाजुहरू मिश्रमा अनाज किन्न गए। ४ तर याकूबले योसेफका भाइ बेन्यामीनलाई चाहिँ तिनका दाजुहरूसँग पठाएनन्। किनकि तिनलाई केही खतरा आइपर्ला भनी याकूब डराउँथे। ५ यसरी अरू जानेहरूका साथमा इस्राएलका छोराहरू पनि अनाज किन्न गए, किनकि कनान देशमा पनि अनिकाल परेको थियो। ६ त्यस बेला योसेफ मिश्रका अधिपति थिए। देशका सारा मानिसहरूलाई अनाज बेच्ने पनि तिनी नै थिए। यसकारण योसेफका दाजुहरूले आएर भूइँसम्म निहुरेर तिनलाई ढोग गरे। ७ योसेफले आफ्ना दाजुहरूलाई देखेर चिनिहाले, तर तिनले उनीहरूलाई नचिनेका जस्तै गरी कड़ासँग उनीहरूलाई सोधे, "तिमीहरू कहाँबाट आएका हौ?" उनीहरूले भने,**

"कनान देशबाट अनाज किन्न आएका हौं।" ८ योसेफले आफ्ना दाजुहरूलाई त
चिने, तर उनीहरूले भने तिनलाई चिनेनन्। ९ तब योसेफले उनीहरूका विषयमा
आफूले देखेका सपना सम्झे, र तिनले उनीहरूलाई भने, "तिमीहरू जासूस हौ।
यस देशको कमजोरी थाहा गर्न तिमीहरू आएका हौ।" १० उनीहरूले
योसेफलाई भने, "हे प्रभु, त्यसो होइन। हामी तपाईंका दासहरू अनाज किन्न
आएका हौं। हामी सबै एउटै मानिसका छोराहरू हौं। ११ हामी सोझा
मानिसहरू हौं, हामी हजूरका दासहरू हौं, जासूस होइनौं।" १२ तिनले
उनीहरूलाई भने, "होइन, तिमीहरू यस देशको कमजोरी थाहा गर्नलाई नै आएका
हौ।" १३ तब उनीहरूले भने, "हामी हजूरका दास बाह्र जना दाजुभाइहरू
थियौं। कनान देशका एउटै मानिसका छोराहरू हौं। कान्छोचाहिँ यस बेला
हाम्रा बाबुका साथमा छ, र एउटाचाहिँ अब छैन।" १४ योसेफले उनीहरूलाई
भने, "मैले भनेजस्तै तिमीहरू जासूस नै रहेछौ। १५ अब तिमीहरूको जाँच यसरी
हुनेछ। फारोको जीवनको शपथ खाएर म भन्दछु कि तिमीहरूको कान्छो भाइ
नआएसम्म तिमीहरू यस ठाउँबाट जान पाउनेछैनौ। १६ तिमीहरूमध्ये एक
जनालाई तिमीहरूको भाइलाई ल्याउन पठाओ। त्यतिञ्जेल तिमीहरू थुनामा
रहनेछौ। यसरी तिमीहरूको कुरा सत्य हो कि होइन जाँचिनेछ। नत्रता फारोको
जीवनको शपथ खाएर म भन्दछु कि तिमीहरू जासूसै हौ।" १७ अनि योसेफले
उनीहरूलाई एकसाथ तीन दिन थुनामा राखे। १८ तेस्रो दिन योसेफले
उनीहरूलाई भने, "यसो गर, र तिमीहरू बाँच्नेछौ, किनकि म परमेश्वरसँग
डराउँछु। १९ यदि तिमीहरू ईमानदार हौ भने तिमीहरू दाजुभाइहरूमध्ये एक
जना यहाँ थुनामा बस, र बाँकीचाहिँ अनिकालमा तिमीहरूका परिवारको भोक
मार्नलाई अनाज बोकेर जाओ। २० तर तिमीहरूको कान्छो भाइलाई यहाँ
मकहाँ ल्याओ। यसरी तिमीहरूको कुरा साँचो ठहरिनेछ, र तिमीहरू मर्नेछैनौ।"
उनीहरूले त्यसै गरे। २१ उनीहरू एकले अर्कालाई भने, "साँच्ची नै हाम्रो
भाइको विषयमा हामी दोषी छौं, किनकि त्यसले हामीसित बिन्ती गर्दा हामीले
त्यसको मनको व्याकुलता देखेर पनि त्यसको कुरा सुनेनौं। यसकारण यो सङ्कष्ट
हामीमाथि पर्न आएको हो।" २२ रूबेनले उनीहरूलाई जवाफ दिए, "त्यस
ठिटाको विरुद्ध अपराध नगर भनी मैले तिमीहरूलाई भनेको होइन? तर
तिमीहरूले सुन्दै सुनेनौ। अब त्यसका रगतको बदला हामीले भोग्नुपर्छ।" २३
योसेफ र तिनका दाजुभाइहरूका बीचमा दोभासे भएको हुनाले उनीहरूको कुरा
योसेफले बुझ्छन् भनी उनीहरूलाई थाहा भएन। २४ योसेफ उनीहरूबाट

एकातर्फ फर्केर रोए। तर फेरि उनीहरूतिर फर्केर तिनले उनीहरूसित कुरा गरे। तिनले उनीहरूबाट शिमियोनलाई लिएर उनीहरूका आँखाकै सामुन्ने उनलाई बाँधे। २५ योसेफले उनीहरूका धोक्राहरूमा अनाज भरिदिनू र उनीहरूका आफ्ना-आफ्ना चाँदीका सिक्काहरू धोक्रामै हालिदिनू र उनीहरूको बाटोको निम्ति उनीहरूलाई सामलतुमल दिनू भनी हुकुम गरे। तिनीहरूका निम्ति त्यसै गरियो। २६ तब आफ्ना गधाहरूमा अनाज लादेर उनीहरू त्यहाँबाट हिँडे। २७ वास बस्ने ठाउँमा उनीहरूमध्ये एक जनाले आफ्नो गधालाई दाना दिन धोक्रो फुकाउँदा आफ्नो चाँदी धोक्रोको मुखमै देखे। २८ उनले आफ्ना दाजुभाइहरूलाई भने, "मेरो चाँदी त फर्काइदिएछन् क्यारे! हेर, त्यो यहाँ मेरो धोक्रोको मुखैमा छ।" यसमा उनीहरूको हंसले ठाउँ छोड्यो, र उनीहरू थरथर काम्दै र एक-अर्कालाई हेराहेर गर्दै भन्न लागे, "परमेश्वरले हामीलाई यो के गर्न लाग्नुभयो?" २९ जब उनीहरू कनान देशमा आफ्ना बाबु याकूबकहाँ आइपुगे, तब उनीहरूमाथि भएको कुरा सबै तिनलाई यसो भनेर बताए, ३० "त्यस देशका मालिकले हामीसित कठोर बोली गरे। हामीलाई त तिनले त्यस देशमा जासूसजस्तै तुल्याए। ३१ तर 'हामी सोझा मानिस हौं। हामी जासूस होइनौं। ३२ हाम्रा बाबुका हामी बाह्र भाइ छोरा हौं। एउटाचाहिँ छैन, र कान्छोचाहिँ यस बेला कनान देशमा हाम्रा बाबुको साथमा छ' भनेर हामीले तिनलाई भन्यौं। ३३ "त्यस देशका ती मालिकले हामीलाई भने, 'यस कुराबाट मात्र तिमीहरू सोझा मानिस रहेछौ भनी मलाई थाहा हुनेछ, कि तिमीहरूका दाजुभाइमध्ये एक जना यहाँ मसँग छोड, र अनिकालमा तिमीहरूका परिवारको भोक मार्नलाई अनाज लिएर आफ्नो बाटो लाग। ३४ तर तिमीहरूको कान्छो भाइलाई यहाँ मकहाँ ल्याओ। तब मात्र तिमीहरू जासूस होइनौ, तर सीधा मानिस रहेछौ भन्ने मलाई थाहा हुनेछ, र म तिमीहरूको यस भाइलाई तिमीहरूका हातमा सुम्पनेछु, र तिमीहरू यस देशमा लेनदेन गर्न पाऔला'।" ३५ उनीहरूले आफ्ना धोक्राहरू खन्याउँदा उनीहरू हरेकका चाँदीको पोको आफ्नो-आफ्नो धोक्रोमा रहेछ। जब उनीहरूले र उनीहरूका बाबुले ती चाँदीका पोकाहरू देखे तब उनीहरू डराए। ३६ उनीहरूका बाबु याकूबले उनीहरूलाई भने, "तिमीहरूले त मेरा छोराहरू मबाट खोसेर मलाई अति शोकित तुल्याएका छौ। योसेफ छैन, शिमियोन छैन, अब बेन्यामीनलाई पनि लैजान खोज्छौ। यी सबै घटना मैमाथि पर्न आएको छ।" ३७ तब रूबेनले आफ्ना बाबुलाई भने, "यदि मैले बेन्यामीनलाई तपाईंकहाँ ल्याइनँ भने मेरा दुई

**छोराहरूको प्राण लिनुहोस्। बेन्यामीनलाई मेरो जिम्मामा दिनुहोस्। त्यसलाई म तपाईंकहाँ फर्काएर ल्याउनेछु।" ३८ तर याकूबले भने, "मेरो छोरो तिमीहरूसँग जानेछैन, किनकि त्यसको दाजु मरिहाल्यो, र अब यही मात्र बाँकी छ। यदि तिमीहरूले गर्न लागेको यात्रामा त्यसमाथि केही खतरा पर्न आयो भने, तिमीहरूले मलाई यो फुलेको कपाल अफसोसमै चिहानमा पुऱ्याउनेछौ" (उत्पत्ति ४२)।**

अनिकालले गर्दा आफ्ना छोराहरूलाई अनाज किन्न मिश्रदेशमा पठाउन याकूब वाध्य भए। भोकै भएतापनि उनका छोराहरूले मिश्रदेशमा जाने कुरा उठाएनन् तर याकूले नै कुरा उठाए (उत्पत्ति ४२:१)। आफ्नो काबुभन्दा बाहिरको परिस्थितिमा होमिन पुगेको बिचरा बयोवृद्ध याकूबले नजानेर नै मिश्रदेशमा आफ्ना छोराहरूलाई पठाउने प्रस्ताब राख्छन्। त्यस प्रस्तावले श्रृङ्खलावद्धरूपमा अचम्मको घट्नाहरूतिर अग्रसर गराउँछ, जसको अन्त्य वर्षौंसम्म विछोड भएको छोराको निम्ति शोकग्रष्ट भइरहेको याकूबको यूसुफसँगको पुनर्मिलनले उनलाई अत्यानन्द प्राप्त हुन्छ।

परमेश्वरको कृपामुनि घटेको यूसुफ र उनका दाजुहरूको भेटघाटमा दुई मौलिक विषयबस्तुहरू उल्लेखनीयरूपमा प्रस्तुत गरिएको छ। पहिलो त, यूसुफको सपना पूरा भएको देखाएको छ। उनले देखेको भविष्यवाणी भएको सपना थियो, "तिम्रो बालाहरूले मेरो बाललाई ढोगेको थियो" (उत्पत्ति ३७:७) अब त्यो प्रतक्ष्यरूपमा पूरा भएको थियो जब उनका दाजुहरूले उनलाई ढोगे। यूसुफ देशको हाकिमको रूपमा (उत्पत्ति ४२:६) र देशको स्वामी वा प्रभुको रूपमा चिनिएको थियो (उत्पत्ति ४२:३०,३३)। अब यूसुफको शक्तिशाली पद वा ओहोदा आवश्यकमा परेका उनका दाजुहरूको स्थितिको विपरित थियो। उनको अगाडि तिनीहरू भुइँमा ढोग्न पुग्छन् (उत्पत्ति ४२:६)। सपनाको बारेमा भन्दा १० जना दाजुहरूले उनको हँस्सी उठाएका थिए र त्यस सपना पूरा हुने कुरोमा तिनीहरू शङ्का गरेका थिए (उत्पत्ति ३७:८)।

दोस्रोमा, जुनरूपमा परमेश्वरको निगाहको मुनि दाजुभाइहरूको भेटघाट भयो त्यो घट्नाहरूलाई बुझाउन खालको थियो। जुन भाषाशैली र जुन विषयबस्तुहरू त्यहाँ उल्लेख गरियो त्यो प्रतिकारात्मक स्वभावको थियो। "तिनीहरूले एक आपसमा कुरा गरे" (उत्पत्ति ४२:२१) भन्ने वाक्य यूसुफलाई मार्न षडयन्त्र रचेको बेलामा पनि प्रयोग गरिएको थियो (उत्पत्ति ३७:१९)। दाजुहरूलाई बन्धक बनाएर थुनेकोले (उत्पत्ति ४२:१७) यूसुफ पनि थुनिएको याद गराएको छ (उत्पत्ति ४०:३,४)। जब यूसुफका दाजुहरूले २० वर्ष

अगाडि उनलाई जे गरे त्यही तिनीहरूलाई भइरहेको छ भनेर तिनीहरूले एक आपसमा सुनाउँछन्, “साँच्ची नै हाम्रो भाइको विषयमा हामी दोषी छौं, किनकि त्यसले हामीसित बिन्ती गर्दा हामीले त्यसको मनको व्याकुलता देखेर पनि त्यसको कुरा सुनेनौं। यसकारण यो सङ्कष्ट हामीमाथि पर्न आएको हो” (उत्पत्ति ४२:२१)।

"उसको रगत अब हामीमाथि परेको छ" (उत्पत्ति ४२:२२)ले "भाइलाई नमार" (उत्पत्ति ३७:२२) भन्ने उनको चेतावनीको प्रतिध्वनी गर्दछ। अब तिनीहरूले जे सामना गर्नुपर्‍यो सो तिनीहरूले जे गरे त्यसको प्रतिफल हो भनेर तिनीहरूले महसुस गरिरहेका थिए।

**कतिपय समयमा हामीलाई दुःखित बनाउने कामहरू निश्चयनै गर्‍यौं होला। त्यसको सोधभर्ना गर्न सकेसम्म हामीले के गर्नुपर्छ? फेरि त्यसैवखत, येशूबाट हामीले पाइने परमेश्वरको क्षमा हाम्रो जीवनको निम्ति किन निर्णायक विश्वास हुनुपर्दछ?**

## ३. यूसुफ र बेन्जामिन

जब मिश्रदेशबाट फर्केका छोराहरूले त्यस देशको प्रधानमन्त्रीले बेन्जामिन ल्याउन आदेश दिएको याकूबलाई सुनाए तब उनको हृदय छियाछिया भएको थियो। बेन्जामिनबाट आफू अलग हुन उनले चाहेनन्। बेन्जामिनमात्र आफ्नो प्रिय श्रीमतीको छोरो थियो (अरूहरू सबै वाध्यताले- अनुवादक) जो उनको साथमा थियो। यदि बेन्जामिनलाई जान दियो भने उनले यूसुफलाई जस्तै गुमाउनेछ भनेर उनी त्रसित भएका थिए (उत्पत्ति ४३:२)। तर के गर्ने? अनिकालले गर्दा कनानमा केही अन्न उम्रेको थिएन। मिश्रदेशबाट ल्याएको सबै अन्न सकिसकेको थियो र तिनीहरू फेरि भोभोकै हुन ठालेका थिए। जब सबै अनाजहरू सकियो (उत्पत्ति ४३:२) तब याकूले आफ्ना छोराहरूलाई मिश्रदेशमा फेरि जान अऱ्हाए। बेन्जामिन नलगि हामी जान सक्दैनौं भनेर जिकिर गर्दा उनी दोधारमा परेका थिए। तर जब यहूदाले उनको जीवनको सुरक्षाको निम्ति आफू जमानत बसे र बेन्जामिनलाई फर्काउन कबुल गरे (उत्पत्ति ४३:९) तबमात्र याकूबले तिनीहरूलाई मिश्रदेशमा दोस्रो पटक जान दिए। मुटुमाथि ढुङ्गा राखि याकूबले बेन्जामिनलाई उसका दाजुहरूसँग जान अनुमति दिए।

**उत्पत्ति ४३ पढ्नुहोस्। जब बेन्जामिन यूसुफको सम्मुख पर्‍यो र त्यसपछि जे जे भयो तब ती सबैमा बेन्जामिनको उपस्थितिको प्रभाव कस्तो**

थियो? हेर्नुहोस्, "१ त्यस देशमा अझ भयङ्कर अनिकाल थियो। २ जब मिश्रबाट ल्याएको अनाज उनीहरूले खाइसके, तब उनीहरूका बाबुले उनीहरूलाई भने, “हाम्रा निम्ति अलिकता अनाज किन्न फेरि जाओ।” ३ तर यहूदाले तिनलाई भने, “ती मानिसले हामीलाई ‘तिमीहरूको भाइलाई तिमीहरूका साथमा नल्याउञ्जेल मेरो सम्मुख आउन पाउनेछैनौ’ भनेर कड़ा चेताउनी दिएका छन्। ४ तपाईंले भाइलाई हाम्रो साथमा पठाउनुहुन्छ भने मात्र हामी गएर तपाईंको निम्ति अनाज किनेर ल्याउनेछौं। ५ तर त्यसलाई पठाउनुहुन्न भनेता हामी जानेछैनौं, किनभने ती मानिसले हामीलाई भनेका छन् कि ‘तिमीहरूको भाइ तिमीहरूसित नहोउञ्जेल तिमीहरू मेरो सम्मुख आउन पाउनेछैनौ’।” ६ इस्राएलले भने, “तिमीहरूको अर्को भाइ छ भनी ती मानिसलाई बताएर तिमीहरूले ममाथि किन यस्तो दुःख ल्यायौ?”

७ उनीहरूले जवाफ दिए, “ती मानिसले यसो भनेर हामी र हाम्रा कुटुम्बका विषयमा केरकार गरी सोधपूछ गरे, ‘के तिमीहरूका बाबु अझै जीवितै छन्? के तिमीहरूको अरू भाइ पनि छ?’ हामीले त यी नै प्रश्नका जवाफ मात्र तिनलाई दियौं। तिनले हामीलाई ‘तिमीहरूको भाइलाई यहाँ ल्याओ’ भन्लान् भनी हामीले कसरी जान्नु?” ८ तब यहूदाले आफ्ना बाबु इस्राएललाई भने, “यस केटालाई मेरो साथमा पठाइदिनुहोस्, र हामी गइहाल्नेछौं, कि हामी र तपाईं र हाम्रा बालबच्चाहरूसमेत नमरौं तर जीवितै रहौं। ९ यसको जमानी म भएँ। मेरै हातबाट फेरि तपाईंले यसलाई लिनुहोला। यदि मैले यसलाई फर्काएर ल्याइनँ भने र तपाईंको सामु राखिनँ भने, म सदाको निम्ति दोषी ठहरिनेछु। १० हामीले ढिलो नगरेको भए हामी दुई पल्टसम्म ओहोरदोहोर गर्न सक्नेथियौं।” ११ तब उनीहरूका बाबु इस्राएलले उनीहरूलाई भने, “यदि यसो हुनैपर्छ भने यसो गरः यस देशका बढ़िया-बढ़िया उब्जनीहरू, अलिक सुगन्धित लेप, अलिकता मह, सुगन्धित मसला, मूर्र, पेस्ता र हाड़े-बदाम ती मानिसको निम्ति सौगातको रूपमा तिमीहरूका धोक्रामा लगिदेओ। १२ तिमीहरूसँग दोबर चाँदी पनि लैजाओ, किनभने जुन चाँदी तिमीहरूका धोक्राको मुखमा थियो त्यो फिर्ता गर्नुपर्छ। शायद त्यो भूलले भएको होला। १३ आफ्नो भाइलाई पनि साथमा लिएर ती मानिसकहाँ फेरि जाओ। १४ तिमीहरूको अर्को भाइ र बेन्यामीनलाई छुटकारा दिन ती मानिसको सामुन्ने सर्वशक्तिमान् परमेश्वरले तिमीहरूमाथि कृपा गरून्। म निवंर्श हुनैपर्छ भने होस्।” १५ तब ती मानिसहरू सौगात, दोबर चाँदी र बेन्यामीनलाई पनि आफ्ना साथमा लिई मिश्रतिर गए, र योसेफको सामुन्ने हाजिर

भए। १६ जब योसेफले उनीहरूका साथमा बेन्यामीनलाई देखे तब तिनले आफ्नो घरको भण्डारेलाई भने, "यी मानिसहरूलाई मेरो घरमा लैजाऊ, र एउटा पशु मारेर भोज तयार गर। किनभने यी मानिसहरू आज दिउँसो मसँगै खानेछन्।" १७ योसेफले हुकुम गरेबमोजिम त्यस मानिसले गऱ्यो, र ती मानिसहरूलाई योसेफको घरमा ल्यायो। १८ तर योसेफको घरमा ल्याएको हुनाले योसेफका दाजुभाइहरूले डराएर आपसमा भने, "पहिलो पल्ट हाम्रा धोक्राहरूमा फर्काइदिएको चाँदीको कारण हामीलाई यहाँ ल्याएको हुनुपर्छ। अब तिनले हाम्रा विरुद्धमा निहुँ पाएर हामीलाई कमारा तुल्याउँछन् र हाम्रा गधाहरू जफत गरेर लिन्छन् होला।" १९ यसैकारण योसेफका घरको हर्ताकर्ताकहाँ गएर घरको ढोकैमा त्यसलाई उनीहरूले भने, २० "हजूर, पहिलो पल्ट हामी अनाज किन्न आएका थियौं। २१ वासमा पुगेर हाम्रा धोक्रा फुकाउँदा हामी प्रत्येकले धोक्राका मुख-मुखमा हाम्रै चाँदी फेला पाऱ्यौं– हाम्रा पूरा चाँदी। यसैले यो हामीले आफ्ना साथमै ल्याएका छौं। २२ अनाज किन्नलाई अरू बढ़ी चाँदी पनि हामीले ल्याएका छौं। हाम्रा धोक्रामा हाम्रै चाँदी कसले हालिदियो सो हामीलाई थाहा छैन।" २३ त्यसले जवाफ दियो, "धन्दा नमान, नडराओ। तिमीहरूका परमेश्वर, तिमीहरूका बाबुका परमेश्वरले नै अवश्य तिमीहरूका धोक्राहरूमा धन हालिदिनुभएको हुनुपर्छ। तिमीहरूको चाँदी त मैले पाएकै थिएँ।" तब त्यसले शिमियोनलाई निकालेर उनीहरूकहाँ ल्यायो। २४ त्यस मानिसले उनीहरूलाई योसेफको घरभित्र लग्यो, र उनीहरूलाई आ-आफ्ना खुट्टा धुनलाई पानी दियो, र उनीहरूका गधाहरूलाई दानापानी पनि दियो। २५ मध्यदिनमा योसेफलाई भेट्ने समयको लागि उनीहरूले सौगात तयार पारे, किनकि खाना त्यहीं खानुपर्छ भनी उनीहरूलाई भनिएको थियो। २६ जब योसेफ घरमा आए तब उनीहरूले आफ्ना साथमा ल्याएका सौगात तिनलाई चढ़ाउन घरमा ल्याए, र तिनलाई साष्टाङ्ग प्रणाम गरे। २७ तिनले चाहिँ उनीहरूको भलाकुसारी सोधपूछ गरेर भने, "तिमीहरूका बाबु, ती वृद्ध मानिस कुशलै छन्? अनि के तिनी जीवितै छन्?" २८ उनीहरूले भने, "तपाईंका दास, हाम्रा बाबु कुशलै हुनुहुन्छ, र आजसम्म बाँचिरहनुभएको छ।" तब उनीहरूले भूइँसम्म निहुरेर तिनलाई ढोग गरे। २९ योसेफले यसो हेरेर आफ्नो भाइ, आफ्नै आमाको छोरो, बेन्यामीनलाई देखेर भने, "तिमीहरूले मसँग कुरा गरेको तिमीहरूको कान्छो भाइ यही हो?" तब योसेफले भने, "ए नानी, परमेश्वरको अनुग्रह तँमाथि रहोस्।" ३० तिनका भाइको खातिर तिनको हृदय तिर्सनाले

**भरिएर आएकोले रुन मन लागेर योसेफले आतुरीसँग ठाउँ खोजे। आफ्नो कोठाभित्र पसेर तिनी रोए। ३१ तब मुख धोएर तिनी बाहिर आए, र आफैलाई खूब सह्मालेर तिनले भने, "अब खाना ल्याओ।" ३२ तब तिनीहरूले योसेफको निम्ति छुट्टै र तिनका दाजुभाइका निम्ति छुट्टै र तिनीसित खाने अरू मिश्रीहरूका निम्ति छुट्टै खाना राखे, किनभने मिश्रीहरूले हिब्रूहरूसित सँगै बसेर खानुहुँदैनथ्यो। त्यसो गर्नु मिश्रीहरूका निम्ति घृणित कुरो थियो। ३३ जेठादेखि कान्छासम्म आफ्नो-आफ्नो उमेरअनुसार योसेफले उनीहरूलाई बसाएका थिए। ती मानिसहरू छक्क परेर एउटाले अर्कालाई हेर्न लागे। ३४ उनीहरूका भाग योसेफको टेबिलबाट झिकेर लगिएका थिए। तर बेन्यामीनको भागचाहिँ उनीहरू प्रत्येकको भन्दा पाँच गुणा बढ़ी थियो। यसरी उनीहरूले योसेफसँग खानपान गरेर आनन्द गरे।"**

यस अध्यायमा दिएको विवरणमा बेन्जामिनको भूमिका मूख्य रहेको देखाउँदछ। जब सबै दाजुहरू यूसुफको सामु खडा हुन्छन् तब उनले केवल बेन्जामिनलाईमात्र देख्दछन् (उत्पत्ति ४३:२९)। बेन्जामिनलाई किटानी नै गरेर दाजुहरूलाई कान्छो छोरो यही हो भनेर सोधेका थिए। उनले अरू जेठो, माइलो आदि भनेर सम्बोधन गरेनन्। अरूहरूलाईचाहिँ "तिमीहरू"मात्र भनेर सम्बोधन गरेका थिए (उत्पत्ति ४३:२९)। अनि अत्यन्तै स्नेह र प्यार देखाएर उनले बेन्जामिनलाई "मेरो बाबु" भनेर सम्बोधन गर्दछन्। उनीप्रति आफ्नो विशेष स्नेह देखाएर त्यसरी सम्बोधन गरेका थिए (उत्पत्ति ४३:२९, उत्पत्ति २२:१मा परमेश्वरले इसहाकलाई याद दिलाएर अब्राहमलाई "तिमीले माया गरेको छोरा" भनेर सम्बोधन गर्नुभएको थियो)। यूसुफले बेन्जामिनलाई आशिष दिन्छन्। त्यस आशिषले उनीमाथि अनुग्रह भएको देखाएको थियो (उत्पत्ति ४३:९)। आफूले दाजुहरूसँग मागेको अनुग्रह र दयाको भिषलाई यूसुफले सम्झेको हुनुपर्छ जुन उनले पाएका थिएनन् (उत्पत्ति ४२:२१)। आफ्ना दाजुहरूबाट नपाएको अनुग्रह यूसुफले बेन्जामिनलाई फर्काउँछन्। जब आआफ्नो बोरामा पैसा भएकोले अब यूसुफले तिनीहरूलाई झ्यालखानामा हाल्छन् भनेर डरले तिनीहरू थुरथुर कामिरहेका थिए तब त्यसबेला उनले ठूलो भोज तयार पार्छन्। उनको अगाडि बेन्जामिन भएकोले उनी खुशी मनाउन चाहेका थिए। यूसुफले जे जे नाटक खेले त्यस परिस्थितिमा बेन्जामिनले उद्धारीय भूमिका खेलिरहेको थियो। उनले सबै दाजुहरूलाई तिनीहरूको मर्यादा अनुसार टेबुलमा बसाए। अनि तिनीहरूको कान्छो भाइ बेन्जामिनलाई

अरूहरूलाई मन्दा पाँच दोबर खानेकुरा दिन्छन् (उत्पत्ति ४३:३३,३४)। तर त्यस पक्षपातलाई दाजुहरूले वास्ता गर्दैनन्। त्यस्तै पक्षपात तिनीहरूको बाबुले यूसुफलाई देखाएको हुनाले तिनीहरूले आफ्नो भाइ र बुबामाथि घोर अपराध गरेका थिए (उत्पत्ति ३७:३,४)।

"यसरी बेन्जामिनलाई विशेष गरेर पक्षपात गर्दै यूसुफले माया देखाएका थिए, त्यस्तै माया आफ्नो बाबुले उनलाई देखाएकोले उनीमाथि डाहा र घृणाको घोर आपत्ती आएको थियो। त्यसबेला ती दाजुहरूले एक आपसमा कुराकानी गर्छन्। यूसुफले तिनीहरूको भाषा नबुझेको जस्तै देखाएका थिए। त्यसबेला तिनीहरूको वास्तविक भावना कस्तो थियो भन्ने कुरो बुझ्ने अवसर यूसुफलाई मिलेको थियो। अझै पनि तिनीहरूलाई जाँच्न चाहेकोले तिनीहरू जानुभन्दा पहिले यूसुफले आफ्नै पिउने कप सबभन्दा कान्छो भाइको बोरामा लुकाउन उनले अऱ्हाउँछन्।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २२८, २२९बाट रूपान्तरित।

## ४. पवित्र कप

**आफ्नो विशेष पवित्र वा शकुन-अपशकुन देखाउने कप बेन्जामिनकै बोराभित्र किन लुकाए तर अरू दाजुहरूको बोरामा किन लुकाएनन्? हेर्नुहोस्, "१ तब योसेफले आफ्नो घरको भण्डारेलाई यसो भनेर हुकुम गरे, "उनीहरूले लैजान सक्नेजति अनाज ती मानिसहरूका धोक्राहरूमा भरिदेऊ, र हरेक मानिसको चाँदी आफ्नो धोक्रोको मुखमा राखिदेऊ। २ अनि मेरो कचौरा, अर्थात् मेरो चाँदीको कचौराचाहिँ अनाजको चाँदीसमेत त्यस कान्छाचाहिँको धोक्राको मुखमा हालिदेऊ।" र त्यसले योसेफले भनेबमोजिम गऱ्यो। ३ बिहान उज्यालो हुने बित्तिकै उनीहरूका गधाहरूसँगै तिनले ती मानिसहरूलाई पठाइदिए। ४ उनीहरू सहरबाट अलिक पर पुगेपछि योसेफले आफ्नो भण्डारेलाई भने, "झट्टै ती मानिसहरूका पछिपछि जाऊ, र उनीहरूलाई भेट्टाएपछि यसो भन्नू, 'तिमीहरूले किन भलोको बदला खराबी गऱ्यौ? ५ यही कचौरा होइन जसबाट मेरा मालिक पिउनुहुन्छ र जसद्वारा उहाँलाई शकून-अपशकून पनि हुन्छ? यो त तिमीहरूले खराब काम गऱ्यौ।" ६ त्यसले उनीहरूलाई भेट्टाएपछि उनीहरूसँग त्यही कुरा गरे। ७ उनीहरूले त्यसलाई भने, "हजूर, किन यस्तो कुरा गर्नुहुन्छ? यस्तो काम हजूरका दासहरूबाट दूर रहोस्! ८ हेर्नुहोस्, हाम्रा धोक्राका मुखमा हामीले भेट्टाएको चाँदी त हामीले कनान देशबाट फिर्ता ल्यायौं भने कसरी हामीले हजूरका मालिकको महलबाट चाँदी अथवा सुन चोरी गर्थ्यौं र? ९ हजूरका**

दासहरूमध्ये जससँग त्यो फेला पर्छ, त्यो मारिओस्। र हामी पनि हजूरका
कमारा हुनेछौं।" १० त्यसले भन्यो, "तिमीहरूले भनेजस्तै होस् त! जससँग त्यो
फेला पर्ला त्यो मेरो कमारा हुनेछ। बाँकीचाहिँ निर्दोष ठहरिनेछन्।" ११ तब
हरेकले हतपत गरी आ-आफ्नो धोक्रो भूइँमा झारेर फुकाले। १२ अनि
भण्डारेले जेठादेखि लिएर कान्छासम्मको तलाशी लियो, र त्यो कचौरा
बेन्यामीनको धोक्रोमा फेला पर्‍यो। १३ तब उनीहरूले आफ्ना लुगा च्याते, र
गधा लदाएर सहरतिर फर्के। १४ यहूदा र उनका दाजुभाइहरू योसेफको घरमा
आइपुग्दा तिनी त्यहीँ थिए, र उनीहरूले तिनको सामु लम्पसार परेर प्रणाम गरे।
१५ योसेफले उनीहरूलाई भने, "तिमीहरूले यस्तो के काम गर्‍यौ? मजस्तो
मानिससँग अन्तर्ज्ञान छ भनी के तिमीहरूलाई थाहा थिएन?" १६ यहूदाले भने,
"हामी हजूरलाई के भनौं, अथवा अब हामीले कसरी आफ्नो सफाइ दिन सक्छौं
र? हजूरका दासहरूको अपराध परमेश्‍वरले प्रकट गर्नुभएको छ। हेर्नुहोस्, अब
हामी हजूरका कमारा भयौं। हामी र त्यो पनि जसको हातमा त्यो कचौरा फेला
पर्‍यो।" १७ तर योसेफले भने, "मबाट यस्तो कहिल्यै हुनेछैन। जसको हातमा
त्यो कचौरा फेला पर्‍यो त्यही मात्र मेरो कमारा हुनेछ। तर तिमीहरूचाहिँ
आफ्ना बाबुकहाँ शान्तिपूर्वक जाओ।" १८ तब यहूदाले तिनको सामुन्ने गएर
भने, "हे मेरा प्रभु, बिन्ती छ, दासलाई एउटा कुरा गर्ने अनुमति दिनुहोस्। हजूर
राजासमान हुनुभए तापनि आफ्नो दासप्रति रिसानी माफ रहोस्। १९ हजूरले
आफ्ना दासहरूलाई यसो भनेर सोध्नुभएको थियो, 'के तिमीहरूका बाबु अथवा
भाइ छ कि?' २० र हामीले हजूरलाई भन्यौं,'हाम्रा बाबु एक वृद्ध मानिस
हुनुहुन्छ, र उहाँको वृद्धावस्थाको बालक हाम्रो एउटा सानो भाइ पनि छ।
त्यसका दाजु मरिसके,र आफ्नी आमापट्टिको अब त्यो मात्र छ, र त्यसका बाबुले
त्यसलाई खूबै माया गर्नुहुन्छ।' २१ "तब हजूरले आफ्ना दासहरूलाई भन्नुभयो,
'त्यसलाई यहाँ मकहाँ ल्याओ, र म त्यसलाई हेर्छु।' २२ हामीले हजूरलाई
भन्यौं, 'त्यस केटाले आफ्ना बाबुलाई छोड्न सक्दैन। किनकि यदि त्यसले
आफ्ना बाबुलाई छोड्नुपर्‍यो भने त्यसका बाबुचाहिँ मरिजानुहुन्छ।' २३ तर
हजूरले आफ्ना दासहरूलाई भन्नुभयो, 'तिमीहरूको कान्छो भाइ तिमीहरूसँग
आएन भने तिमीहरू फेरि मेरो सामु आउन पाउनेछैनौ।' २४ तब हामी हाम्रा
बाबु, हजूरका दासकहाँ गयौं। अनि उहाँलाई हजूरका कुरा सुनायौं। २५ "जब
हाम्रा बाबुले 'फेरि गएर अलिक अनाज किन' भन्नुभयो, २६ तब हामीले उहाँलाई
भन्यौं, 'हामी जान सक्दैनौं। यदि हाम्रो कान्छो भाइ हामीसित जाने हो भने मात्र

**हामी जान्छौं। किनकि हाम्रो कान्छो भाइ हामीसित गएन भनेता हामी ती मानिसको सामु जान पाउनेछैनौं।' २७ "तब हजूरका दास मेरा बाबुले हामीलाई भन्नुभयो, 'मेरी पत्नीतर्फबाट दुई वटा छोराहरू भएका तिमीहरूलाई थाहै छ। २८ एउटाले मलाई छोड़िहाल्यो। निश्चय नै त्यसलाई धुजाधुजा पाऱ्यो होला भनी मैले भनें। त्यहाँदेखि मैले त्यसलाई देखेको छैनँ। २९ यसलाई पनि तिमीहरूले मबाट लगेर यदि केही खतरा त्यसमाथि आइपऱ्यो भने, तिमीहरूले मेरो यो फुलेको कपाल अफसोसमै चिहानमा पुऱ्याउनेछौ।' ३० "यसकारण हजूरका दास हाम्रा बाबुकहाँ पुग्दा त्यो केटो हामीसँग भएन भनेता उहाँको प्राण त्यही केटाको प्राणसँग गाँसिएको हुनाले, ३१ हाम्रा साथमा त्यो नभएको देख्ने बित्तिकै उहाँको मृत्यु हुनेछ। हामी हजूरका दासहरूले हाम्रा बाबुको फुलेको कपाल अफसोसमै चिहानमा पुऱ्याउनेछौं। ३२ हजूरको दास, म आफै यस केटाको निम्ति बाबुको अगि जमानी बसेको छु। अनि हाम्रा बाबुलाई मैले यसो भनें: 'यदि मैले त्यसलाई फर्काएर तपाईंकहाँ ल्याइनँ भनेता जीवनभरि म तपाईंको सामु दोषी ठहरिनेछु।'**

**३३ "यसकारण अब बिन्ती छ, यस केटाको सट्टामा म, हजूरको दासलाई नै हजूरले आफ्नो कमारा तुल्याउनुहोस्, र यस केटाले चाहिँ यसका दाजुहरूसँग जान पाओस्। ३४ किनकि यो केटो मेरो साथमा छैन भने मेरा बाबुकहाँ म कसरी जानु? मेरा बाबुमाथि आइपर्ने विपत्ति म हेर्न सक्दिनँ।"**

यस कथा पहिलेको जस्तै हो। आफ्नो भन्डारेलाई फेरि पनि पैसाका थैलीहरू तिनीहरूको झोलामा राखिदेऊ भनेर यूसुफले अऱ्हाउँछन्। तर यसबेला उनले अनौठो आदेश दिन्छन्। उनको अमूल्यको कप बेन्जामिनको बोरामा हालिदिनु रे!

यस घट्नाले अर्कै मोड लिन्छ। पहिलो यात्रामा तिनीहरू कनानमा फर्किन्छन् र बेन्जामिनलाई मिश्रदेशमा ल्याउन, अब तिनीहरू मिश्रदेशमै फर्किन्छन् यूसुफको सामना गर्न। पहिलो यात्रामा सबै दाजुहरूले आआफ्ना पैसाका थैलीहरू आआफ्ना बोरामा भेट्टाउँछन् भने अहिले बेन्जामिनलाई नै अलग गरेर उसको बोरामा यूसुफको कप हालिदिन्छन्।

भोजमा सम्मानित पाहुना हुन पुगेको बेन्जामिन यूसुफको कपको नजिक थियो। अब आफ्नो अमूल्य बस्तु उसले चोरेको भनेर उसलाई यूसुफले दोष लगाउँछन्। अब बेन्जामिन झ्यालखानमा जानुपर्ने भएको थियो।

अलौकिक वा शकुन-अपशकुन कप प्रयोग गरेको भन्ने सन्देशले यसमा शक्ति छ वा यो तन्त्रमन्त्रको निम्ति प्रयोग गरिने कप हो भन्ने कुरामा यूसुफले विश्‍वास गरेको त होइन। यूसुफले "यस्तो खालको शक्तिको कहिल्यै पनि दावी गरेका थिएनन्। तर, तिनीहरूको जीवनको गोप्य कुराहरू उनले पढ्न सक्छन् भनेर उनले थाहा पाउन् भनेर उनले त्यो नाटक खेलेका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २२९बाट रूपान्तरित।

आफूसँग अलौकिक वा तन्त्रमन्त्र गर्ने विद्या छ भनेर यूसुफले देखाएको केवल बहानामात्रै थियो। आफूप्रति गरेको अत्याचार र परमेश्‍वरको सामु आफ्नो दोषलाई स्वीकार गर्ने हृदयमा तिनीहरूमा जागृत होस् भन्ने हेतुले यूसुफले त्यो नाटक रचेको थियो। उनले स्पष्टरूपमा भन्दछन् किन तिनीहरूमा भएको दुष्टयाइँ परमेश्‍वरले भेट्टाउनुभएको छ (उत्पत्ति ४४:१६)। फेरि अमूल्यको कचौरा चोरेकोले गम्भिर दण्ड भोग्नुपर्नेछ भन्ने कुरा दाजुहरूको चेतनामा गाभियोस् भन्ने यूसुफको चाहना थियो। त्यसबेला उनको दाजुहरूले भावुक भएर जुन भावनाहरू व्यक्त गरे प्रतिक्रिया देखाए त्यो अत्यन्तै उल्लेखनीय मान्नुपर्दछ। तिनीहरू सबै जनालाई एउटै पीडामा बाँधिएको थियो। यूसुफ हराएको जस्तै बेन्जामिन पनि मिश्रदेशमा दास भएर हराउला भन्ने त्रास ती दाजुहरूमा थियो। जसरी बेन्जामिन निर्दोष थियो त्यसरी नै आफू पनि निर्दोष छु भन्ने सन्देश यूसुफले दाजुहरूलाई दिन चाहेका थिए। आफ्नो बाबुलाई बचाउन आफू नै बेन्जामानको सट्टा दास बनाइयोस् भनेर यहूदाले यूसुफसामु हार्दिक बिन्ति गर्दछन् (उत्पत्ति ४४:३३)। जसरी निर्दोष इसहासकको सट्टामा भेँडालाई बलि चढाएको थियो (उत्पत्ति २२:१३), त्यसरी नै निर्दोष बेन्जामिनको बदलीमा आफू बलिको बोको हुन चाहेको यहूदाले व्यक्त गरे। यदि बेन्जामिन फर्काउन सकिएन भने बाबुको ठूलो दुर्गति हुनेछ र त्यो असह्य हुनेछ र त्यो देख्न नपरोस् भनेर आफू मिश्रदेशमै बरु हराइयोस् भन्ने प्रस्ताब यहूदाले यूसुफ सामु राखेका थिए (उत्पत्ति ४४:३४)।

**बलिको बोको हुन यहूदाले गरेको प्रस्तावमा प्रेमको के नीति देखाइएको छ? बाइबलले सिकाएको ईश्‍वरीय ज्ञान वा विज्ञानमा मुक्तिको निम्ति देखाइएको यस खालको प्रेमलाई कसरी व्याख्या गर्दछ? हेर्नुहोस्, रोमी ५:७,८ "धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्‍वरले हाम्रा निम्ति उहाँको**

प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:७-८)।

## ५. "म तपाईंहरूको भाइ यूसुफ हुँ।"

उत्पत्ति ४५ पढ्नुहोस्। त्यस विवरणमा हामीले प्रेम, विश्वास, आशा, सदाशयता, क्षमाशीलता र करुणाका गुणहरू कसरी प्रतिबिम्बित गरिएको छ जनु हामीमा पनि हुनुपर्दछ? हेर्नुहोस्, "१ तब आफ्ना वरिपरि उभिने सबै सेवकका सामुन्ने आफूलाई सम्भाल्न नसकेर योसेफले कराएर भने, "सबै जनालाई यहाँबाट बाहिर पठाइदेओ।" यसैले योसेफ आफ्ना दाजुभाइहरूसँग आफूलाई प्रकट गर्दा त्यहाँ अरू कोही थिएन। २ अनि तिनी यति ठूलो सोरले रोए कि मिश्रीहरूले तिनलाई सुने, र फारोका परिवारकाहरूले पनि यो कुरा थाहा पाए। ३ योसेफले आफ्ना दाजुभाइहरूलाई भने, "म योसेफ हुँ। के मेरा बाबु जीवितै हुनुहुन्छ?" तर तिनका दाजुहरूले तिनलाई जवाफ दिन सकेनन्, किनकि तिनको सामुन्ने उनीहरू घबराएका थिए। ४ तब योसेफले आफ्ना दाजुभाइहरूलाई भने, "कृपा गरी मेरो नजिक आओ।" उनीहरू नजिक गएपछि तिनले भने, "तिमीहरूले मिश्रमा बेचेको तिमीहरूको भाइ म नै हुँ। ५ तिमीहरूले मलाई बेचेकोमा अब दुःख नमान। आफैमाथि रीस पनि नगर, किनकि प्राणहरू बचाउनका निम्ति परमेश्वरले मलाई तिमीहरूका अगि यहाँ पठाउनुभएको हो। ६ देशमा अनिकाल भएको दुई वर्ष भयो, र अझै पाँच वर्षसम्म कहीं पनि हलो जोतिनेछैन, र अनाजको कटनी पनि हुनेछैन। ७ तर तिमीहरूको एउटा भाग पृथ्वीमा जोगाएर राख्न र तिमीहरूमध्ये धेरै प्राण बचाउन भनी परमेश्वरले मलाई तिमीहरूभन्दा अगि यहाँ पठाउनुभएको हो। ८ "यसैले मलाई यहाँ पठाउने तिमीहरू होइनौ, तर परमेश्वर नै हुनुहुन्छ। उहाँले मलाई फारोका बाबुतुल्य र उनका सारा परिवारका प्रभु र मिश्रभरिका अधिपति तुल्याउनुभएको छ। ९ अब झट्टै मेरा बाबुकहाँ गएर उहाँलाई भन, 'तपाईंको छोरो योसेफ यसो भन्छः परमेश्वरले मलाई सारा मिश्रका मालिक तुल्याउनुभएको छ। कति पनि अबेर नगरी मकहाँ आउनुहोस्। १० तपाईं गोशेन प्रदेशमा बसोबास गर्नुहोला। तपाईं र तपाईंका बालबच्चाहरू र तपाईंका नातिनातिनाहरू र तपाईंका बगालहरू र तपाईंसँग भएका जे-जति सबै मेरो नजिकै हुनेछन्। ११ त्यहाँ म तपाईंको पालनपोषण गर्नेछु, किनकि अनिकालका अझै पाँच वर्ष बाँकी नै छन्, नत्रता तपाईं र तपाईंका परिवार र तपाईंसँग भएका सबै दरिद्र हुनेछन्।' १२ "अब तिमीहरूसँग बोल्ने म योसेफ नै हुँ भनेर तिमीहरूले आफ्नै आँखाले र मेरो भाइ बेन्यामीनले पनि देखेका छौ।

१३ मिश्रदेशमा मेरो सबै गौरव र तिमीहरूले जे-जे देखेका छौ सो सब कुरा मेरा बाबुलाई अवश्य भन्नू, र झट्टै मेरा बाबुलाई यहाँ ल्याउनू।" १४ तब आफ्नो भाइ बेन्यामीनको गलामा अँगालो हालेर तिनी खूब रोए, र बेन्यामीन पनि तिनको गलामा टाँसिएर रोए। १५ अनि तिनले आफ्ना सबै दाजुहरूलाई म्वाइँ खाए, र उनीहरूसित रोए। त्यसपछि तिनका दाजुहरूले पनि तिनीसँग कुराकानी गरे।

१६ योसेफका दाजुभाइहरू आएका छन् भन्ने खबर जब फारोको घरमा पुग्यो तब फारो र उनका अधिकारीहरू सबै खुशी भए। १७ फारोले योसेफलाई भने, "तिम्रा दाजुभाइहरूलाई यसो भनः 'तिमीहरू आफ्ना पशुहरू लदाएर कनान देशमा फर्केर जाओ, १८ र तिमीहरूका बाबु र तिनको परिवारका सबैलाई लिएर मकहाँ आओ। मिश्रको सबैभन्दा असल ठाउँ म तिमीहरूलाई दिनेछु र तिमीहरूले यस देशको बढ़िया उब्जनी खानेछौ।' १९ "तिनीहरूलाई यसो भनेर पनि हुकुम गरः 'तिम्रा बालबच्चा र तिम्रा पत्नीहरूका निम्ति मिश्रबाट गाड़ाहरू पनि लैजाओ, र तिमीहरूका बाबुलाई लिएर आओ। २० तिमीहरूका मालसामानको केही वास्ता नगर, किनकि मिश्रका सबै असल-असल कुराहरू तिमीहरूकै हुन्'।" २१ इस्राएलका छोराहरूले त्यसै गरे। फारोको हुकुमबमोजिम योसेफले उनीहरूलाई गाड़ाहरू र सफरको निम्ति सामलतुमल दिए। २२ उनीहरू हरेकलाई तिनले नयाँ लाउने लुगा दिए। तर बेन्यामीनलाई चाहिँ चाँदीका तीन सय सिक्का र पाँच जोर लुगा दिए। २३ आफ्ना बाबुको निम्ति चाहिँ तिनले यी चीजहरू पठाइदिए: मिश्रका असल-असल चीजहरूले लादिएका दश गधा, र तिनका बाबुका सफरको लागि सामलतुमल, रोटी र अनाजले लादिएका दश वटा गधैनी। २४ तब तिनले आफ्ना दाजुभाइहरूलाई बिदा गरे। बिदा हुँदा तिनले उनीहरूलाई भने, "बाटोमा झगड़ा नगर।" २५ यसरी उनीहरू मिश्रबाट कनान देशमा आफ्ना बाबु याकूबकहाँ आए। उनीहरूले तिनलाई भने, "योसेफ त अझै जीवितै रहेछन्, र मिश्रका अधिपति तिनी नै भएका रहेछन्।" २६ यो कुरा सुनेर तिनको हृदय-गति नै रोकियो। तिनले उनीहरूको कुरा पत्याएनन्। २७ तर उनीहरूलाई भनिपठाएका योसेफका सबै कुरा सुनेपछि र आफूलाई ल्याउन भनी योसेफले पठाएका गाड़ाहरू देखेपछि उनीहरूका बाबु याकूबको होश फर्क्यो। २८ अनि इस्राएलले भने, "यति भए मलाई भइगयो। मेरो छोरो योसेफ अझै जीवितै रहेछ। म जानेछु, र मर्नुभन्दा अघि त्यसको मुख हेर्नेछु।"

त्यस मार्मिक र भावविह्वल क्षण थियो जब यहूदाले आफ्नो बुबा "avi एभी" "मेरो बुबा" माथि विपत्ती आएको (उत्पत्ति ४४:३४) उसले हेर्न नसक्ने क्रन्दन पोखे तब यूसुफ चिच्याएर रोए (उत्पत्ति ४५:१) अनि उनका दाजुहरूलाई आफू को हो भनेर चिनाइदिए। "आफूलाई प्रकट गरे वा चिनाइ दिए" भन्ने कथन बाइबलमा प्रायजसो प्रयोग गरिएको छ। यसको अर्थ परमेश्वर स्वयंम्भु अर्थात् आफै प्रकट हुनुभएको थियो भनेर व्याख्या गर्न सम्बोधन गरिन्छ (प्रस्थान ६:३, इजकिएल २०:९)। जब यूसुफले आफ्ना दाजुहरूलाई आफू को हो भनेर प्रकट गरे तब त्यसबेला परमेश्वर पनि आफू को हुनुहुन्छ भनेर प्रकट गरिएको आभास् दिइन्छ। मानिसहरूको कमी कमजोरीहरूको बाबजुद पनि परमेश्वरले नै सबै थोक सम्हाल्नुहुन्छ भनेर उहाँले देखाउन चाहनुहुन्छ र यस कथामा देखाउनुनै भएको थियो।

आफूहरूले के सुनिरहेको छ र देखिरहेको छ सो ती दाजुहरूलाई पत्यारै लागेन। जे भइरहेको छ सो तिनीहरूलाई सपना जस्तो भइरहेको थियो। यूसुफले दुई पल्ट आफू को हो भनेर चिनाउन वाध्य भएको थियो। "म तपाईंहरूको भाइ यूसुफ हुँ" (उत्पत्ति ४५:४) भनेर पहिलोपल्ट आफूलाई चिनाउँदा तिनीहरू अकनबक भएका थिए, झस्किएका थिए, किङ्ककर्तव्यमूढ वा नाजवाफ भएका थिए, अर्थात् तिनीहरू रनभुल्लमा परेका थिए। अनि दोस्रो पल्ट "तपाईंहरूले मिश्रदेशमा बेच्नुभएको भाइ म नै हुँ" (उत्पत्ति ४५:४) भनेर स्पष्टरूपमा सुनाउँदामात्र आफूहरू कसको अगाडि उभिरहेका छौं भनेर विश्वास गर्न सके। जब तिनीहरूले यूसुफलाई चिने तब उनले यो घोषणा गरे "(मलाई तिमीहरूले होइन) परमेश्वरले नै यहाँ पठाउनुभएको हो" (उत्पत्ति ४५:५)। यस कथनमा परमेश्वरका दुई लक्ष्यहरू देखाइएकाछन्। आफ्ना दाजुहरूप्रति आफ्नो कुनै पनि रिसइबी वा प्रतिशोधका भावानाहरू छैन भनेर उनले तिनीहरूलाई विश्वस्त गर्न चाहेका थिए। अर्को, त्यसले उनमा भएका विश्वास, सदाशयता, आस्था र आशाका गुणहरू अत्यन्तै उल्लेखनीयरूपमा स्वीकार गरेको देखाइएको थियो। तिनीहरूले उनलाई जे गरे त्यो तिनीहरूलाई "महान् उद्धार गर्न नै" र तिनीहरूको प्राण जोगाउन आवश्यक थियो (उत्पत्ति ४५:७) भनेर तिनीहरूको मन यूसुफले हलुका बनाएका थिए।

अनि आफ्ना बाबुलाई झट्टै कनानबाट मिश्रदेशमा ल्याउन तयार गर्नु भनेर उनले दाजुहरूलाई अर्‍हाउँछन्। मिश्रदेशमा आएपछि तिनीहरू कहाँ रहनेछन् भनेर उनले तोकेरै भनेका थिए। तिनीहरू गोशेनमा रहनेछन्। यो

ठाउँ हरियो जमिन भएको भनेर प्रख्यात छ। यो ठाउँ मिश्रदेशको सबभन्दा असल ठाउँ (उत्पत्ति ४५:१८,२०) भनेर प्रख्यात छ। यो नदीको किनारमा र मिश्र सहरको टाढा गाउँ थियो र प्रतिज्ञा गरिएको देशको सिमानानेर नै थियो (गुगलको अनुसार)। त्यतिमात्र नभनेर उनले तिनीहरूको निम्ति यातायातको सुविधा पनि उपलब्ध गराउँछन्ः धेरै खजानाहरूलै भरएका गाडाहरू। जब छोराहरूले समाचार दिन्छन् तब तिनीहरू झुटो होइन सत्य बोलिरहेकाछन् भनेर याकूबले ती गाडाहरू देखेर पत्याउनेछन् भन्ने हेतुले तिनीहरू उपलब्ध गराइएका थिए। आफ्नो प्रिय छोरा गुमाउनु पर्दा शोकमा मरेतुल्य भइरहेको याकूबले जब प्रत्यक्षरूपमा ती सामानहरू देख्छन् तब उनको प्यारो छोरा जीवितै छ भनेर पूरा प्रमाण भएको उनले महसुस गर्नेछन्। त्यसको फलस्वरूप उनी फेरि नयाँ जीवनले जुरमुराउनेछन् (उत्पत्ति ३७:३५सँग उत्पत्ति ४४:२९ हेर्नुहोस्)।

अब सबै थोक ठिकठिक भए। याकूबका बा्है छोराहरू जीवित छन्। याकूबलाई फेरि इस्राएल भनेर सम्बोधन गरिन्छ (उत्पत्ति ४५:२८)। उनको जीवनमा परमेश्वरले जे सञ्चिता गर्नुभएको थियो सो अत्यन्तै प्रभाकारीरूपमा उनलाई प्रकट गरिएको थियो।

**हो, यूसुफले उनका दाजुहरूलाई अनुग्रह र सदाशयता देखाएका थिए। त्यो हुन उनी सक्ने भएका थिए। यूसुफलाई जस्तो कसैले हामीमाथि दुर्व्यवहार गरेतापनि र उनको जस्तो हाम्रो सुखमय अन्त्य नभएतापनि तिनीहरूप्रति उनको जस्तो सदाशयता, माया, करुणा, क्षमाशीलता र आशा जस्तो गुणहरूको वर्षा कसरी वर्षाउने?**

**उपसंहारः**

**एलेन जी ह्वाइटद्वारा लिखित पाट्रयार्क एण्ड प्रोफेटस, पृ. २१३-२२३ को "योसेफ इन इजिप्ट" र पृ. २२४-२३२को "योसेफ एण्ड हिज ब्रदर्स।"**

"जब याकूबका छोराहरू तीन दिनसम्म नजरबन्धमा परे तब ती दिनहरू तिनीहरूको निम्ति तितो र विस्मयकारी थिए। ती दिनहरूमा तिनीहरूले विगतको समयमा गरेका गल्तीहरूको आत्मआलोचना गर्न अवसर पाएका थिए र विशेष गरे तिनीहरूले यूसुफलाई गरेको दुर्व्यवहारप्रति मूल्याङ्कन गर्न पाएका थिए। यदि तिनीहरू जासुस हो भनेर दोषी ठहऱ्याइए र जासुस होइन भनेर प्रमाणित गर्न सकेन भने तिनीहरूले कि त मृत्युदण्ड कि त दास

हुनुपर्दथ्यो। जुन निष्ठुर व्यवहार यूसुफलाई गरियो त्यसले गर्दा तिनीहरूले आफ्नो बाबुलाई बेन्जामिन तिनीहरूसँग पठाउन कुनैरूपमा पनि मनाउन सकिँदैन भन्ने कुरामा तिनीहरू यकिन भएका थिए। तिनीहरूले यूसुफलाई दास बनाउन बेचे, अब त्यसको बदला परमेश्वरले तिनीहरूलाई लिरहनुभएको छ भन्ने कुरामा तिनीहरू तर्सिएका थिए। अब तिनीहरू पनि मिश्रदेशमा दासै हुनुपर्ने भयो भनेर तिनीहरू भयभित भएका थिए। तर पछि यूसुफले आफ्ना बुबा र दाजुका परिवारहरूले दुःख पाइरहेका होलान् भनेर सोच्छन् र आफूलाई जस्तो बेन्जामिनप्रति तिनीहरू कठोर हुनेछैनन् भन्ने कुरामा उनी विश्वस्त भएका थिए।"-एलेन जी ह्वाइट, *स्पिरिट्युल गिफ्टस्,* बुक ३, पृ. १५५,१५६बाट रूपान्तरित।

"यूसुफ सन्तुष्ट भए। उनका दाजुहरू परिक्षमा सफल भए। तिनीहरूले गरेका पाप तथा अपराधहरूप्रति तिनीहरूले गरेका पश्चातापको फल उनले देखेका थिए।"-एलेन जी ह्वाइट, *स्पिरिट्युल गिफ्टस्,* बुक ३, पृ. १६५बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ. यदि यूसुफको जीवन जुन सुखदरूपमा परिणत भयो त्यो नभएपनि के उनले आफ्ना दाजुहरूप्रति सदाशयता देखाउने थिए होलान्? यो हामीलाई थाहा त छैन, तर यूसुफको चरित्रमा के छ लक्षण देखाइएको छ जसले गर्दा उनमा अनुग्रही र सदाशयता हुने गुणहरू छन् भनेर देखाउँदछ?**

**आ. यूसुफको जीवनमा हामी के देख्छौं जुन येशूले भोग्नुहुने भविष्यवाणीको मोड देखाइएको छ?**

**इ. यूसुफले उनका दाजुहरूको परिक्षा गरे। त्यही प्रकारले परमेश्वरले पनि हामीलाई कसरी परिक्षा लिनुहुन्छ?**

**ई. धेरै वर्षपछि दाजुहरूले यूसुफलाई गरेको निष्ठुर व्यवहार याद गर्न पाएका थिए र त्यसको दोष आफूहरूमाथि भएको पनि महसुस गरेका थिए। कसैप्रति दुर्व्यवहार गर्दा दोषीमनस्थितिले सघाउनु कतिको शक्तिशाली रहेछ भन्ने त्यस कथाले हामीलाई कसरी सिकाउँदछ? परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ र ग्रहण गर्नुहुन्छ भनेर स्वीकारेतापनि र हामी अयोग्य नै भएतापनि आफैले आफूलाई क्षमा दिन कसरी सिक्ने?**

## कथा १२
## निकाली दियो
## मान्युयल सालभाडर टुन्डा, १९



मेरो परिवार आङ्गोलाको आइतबारे चर्चमा जान्थे। मलाई त्यही चर्चको शिक्षादीक्षमा मेरो परिवारले हुर्काएको थियो। म १४ वर्षकै उमेरमा पानी छर्केर बप्तिस्मा दिएको थियो।

तर परमेश्वरको बारेमा जे ज्ञान थियो त्यसप्रति म संतुष्ट थिइन। केही कुरमामा अलमल भएको थियो। फेरि एडभेन्टिस्टले साबथको बारेमा सिकाएको थाहा पाएर म झन अलमलमा परैं। म आफूले आफैलाई सोध्न थालें, "एडभेन्टिस्टहरूले सातौं दिनमा साबथ पालन गर्छन् तर अरू प्रोटेस्टेन्टहरूले किन आइतबार?" यो प्रश्न मेरो दिमागबाट हटेन।आखिरमा मेरो चर्चका धेरै अगुवाहरूसँग सोध्न थालें, "एडभेन्टिस्टहरू किन शनिबार चर्च जान्छन् र हामी भने आइतबार?" येशू आइतबार पुनरुत्थान हुनुभएकोले आइतबार पालन गरेको हो भनेर तिनीहरूले मलाई सुनाए तर तिनीहरू मध्यै कुनैले येशूले शनिबारबाट आइतबारमा साबथ सार्नुभयो भन्ने एउटा पद पनि दिन सकेन। चर्चका अगुवाहरूको व्याख्या मलाई चित्त बुझेन। म होप च्यानल टेलिभिजन हेर्न थालें। त्यस च्यानलका प्रस्तुतकर्ताहरूले सातौं दिन साबथ दश आज्ञामै सजिएको छ भनेर सुनाए। सृष्टिको सम्झनामा परमेश्वरले एकदिन पवित्र गरेर अलग राख्नुभएको मैले बुझें र जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँले सातौं दिन साबथलाई पालन गरेको पनि सिकें। साबथको बारेमा भएको मेरो जिज्ञासा मेटिएको थियो। एडभेन्टिस्टहरूले शनिबार परमेश्वरको किन आराधना गर्छन् भन्ने कुरो थाहा भयो। म पनि ठिक दिन पालन गर्ने निर्णय गरें।

बप्तिस्मा भएको दुई वर्षपछि येशूले जस्तै म पनि पानीमा डुबेर बप्तिस्मा लिएर एडभेन्टिस्ट चर्चमा सरिक हुन चाहेको भावना व्यक्त गर्न थालें। मेरो बुबालाई यो कुरा सुनाएपछि उहाँ धेरै रिसाउनुभयो र मलाई घरैबाट निकालिदिनुभयो। अनि म फुफुकहाँ सरें। तैपनि बुबाआमासँगको तनाव रोकेन। मेरा आफन्तहरूले मलाई कुट्न धम्कि दिए। तब म कहाँ

रहने थाहा भएन। तैपनि म साबथमा चर्च गइरहें र पानीमा डुवेरै बप्तिस्मा लिने निर्णयमा अडिग रहें। पहिलाको चर्चको पास्टरले उहाँसँग म रहन मेरो बुबासँग अनुमति मागे। म त्यही चर्चमा फर्कियोस भनेर पास्टरले मलाई चित्त बुझाउन खोजे। उनले तीन हप्तासम्म सिकाए तर उनले बाइबलबाट एक पद पनि दिन सकेन कि परमेश्वरले साबथलाई शनिबारबाट आइतबारमा परिवर्तन गर्नुभयो। उनले मलाई चित्त बुझाउन नसकेपछि उनको घरबाट निस्कन उनले आदेश दिए।

कुरो त झन झन खराब पो हुन थालेको जस्तो लागेको थियो तर सुधार पो हुन थालियो। जब मैले दिनदिनै बाइबल पढें तब परमेश्वर र उहाँको प्रेमको बारेमा झन झन सिकें। मैले एलेन जी ह्वाइटको बारेमा पनि सिकें र उनका पुस्तकहरू पढ्न थालें। सन २०२१मा आङ्गोलाको राजधानी लुवान्डाको न्यु जेरुशलेमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ।

मैले दुःख पाएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु। ती संघर्षहरूले मुक्तिदाताको निम्ति बहादुर योद्धा भएँ। येशू ख्रीष्टको अचम्मको शक्तिमाथि मेरो झन भरोसा बढेको थियो। मेरा चोटहरू निको भइसक्यो। तर दागहरू बाँकि नै छ। मेरा परिवारहरूको लागि मसँग प्रार्थना गर्नुहोस् ताकि हामी फेरि एउटै परिवार भएर सँगसँगै परमेश्वरको आराधना गर्न सकौं।

***-मान्यएलले न्यु जेरुशलेम एडभेन्टिस्ट चर्चको पास्टर पाउलो मार्सियाल पिन्टोलाई बताएको अनुसार।***